# घोराही उप-महानगरपालिका
# खेलकुद विकास समिति, दाङ

पत्र संख्या : २०८१।८२
चलानी नं.: ८५

मिति : २०८१।०८।०४

श्रीमान वडाअध्यक्ष ज्यू,

वडा नं १ देखि १९ को कार्यालय,

घोराही उप-महानगरपालिका, दाङ ।

**विषय: फुटबल मेयर कप २०८१ मा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत विषयमा घोराही उप-महानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा तपसिल अनुसार मिति, समय र स्थानमा अन्तर वडा स्तरीय मेयर रनिङ कप फुटबल प्रतियोगिता २०८१ सञ्चालन हुने भएकोले त्यस वडाबाट खेलाडीहरु छनौट गरी मिति २०८१/०८/२२ गते दिनको २ बजे सम्म यस नगर खेलकुद विकास समिति, घोराहीको कार्यालय (घोराही उ.म.न. पालिका १४ को वडा कार्यालय भवन) मा दर्ताको लागि सो वडाबाट सिफारीस गराईदिनु हुन अनुरोध छ ।

तपसिल

मिति: २०८१/०९/०५ गते देखि

समय: दिनको १ बजे

स्थान: घोराही उप-महानगरपालिका-१८, नवलपुर खेलमैदान, दाङ

१. प्रशिक्षक १ जना (परिचय पत्र खुल्ने कागजात र हालसालै खिचेको पासपोर्ट साइजको फोटो - २ प्रति सम्पर्क नम्बर सहित )

२. व्यवस्थापक १ जना (परिचय पत्र खुल्ने कागजात र हालसालै खिचेको पासपोर्ट साइजको फोटो - २ प्रति सम्पर्क नम्बर सहित)

३. प्राथमिक उपचारक (स्वास्थ्यकर्मी) १ जना (परिचय पत्र खुल्ने कागजात र हालसालै खिचेको पासपोर्ट साइजको फोटो - २ प्रति सम्पर्क नम्बर सहित)

पुनश्च: प्रशिक्षक, व्यवस्थापक र स्वास्थ्यकर्मी माथि उल्लेखित १,२ र ३ मा रहेको बूँदा अनुसार यहि मिति **२०८१ साल मंसिर २२ गते दिनको १ बजे** भित्र उक्त वडाको **नियुक्ति सिफारिस पत्र** सहित यस **नगर खेलकुद विकास समितिको कार्यालयमा** अनिवार्य उपस्थित गराइदिनु हुन सादर अनुरोध छ ।

२०८१।०८।०४

संयोजक

# सातौं मेयर रनिङ कप फुटबल प्रतियोगिता २०८१

## खेल सम्बन्धि आचारसंहिता र नियमहरुः

१. मेयर रनिङ कप फुटबल प्रतियोगिता फिफाको नियम अनुसार खेलाइने छ ।

२. वडाहरुको टिम बिच जर्सिको कलर मिल्न गएमा गोलाप्रथा द्वारा वैकल्पिक जर्सी लगाई खेल्नुपर्नेछ ।

३. आयोजकको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

४. वडाको टिममा २१ जना खेलाडी हुनुपर्नेछ जसमा अनिवार्य कम्तिमा २ जना गोलकिपर हुनु पर्नेछ ।

५. खेलाडीको उमेर ३० वर्ष ननाघेको हनुपर्नेछ । जसको लागि अन्तिम जन्ममिती २०५१ साल सम्म मानिनेछ ।

६. सहभागी खेलाडीहरु उक्त वडाको स्थायी बसोबास गरेको हुनुपर्नेछ । सो अनुसार स्थायी बसोवास गरेको प्रमाणहरुको (जन्मदर्ता, नागरिकता, बसाइसराई, मतदाता परिचय-पत्र आदि) पछि सम्म विवरण फरक नपर्ने गरि १ प्रति फोटोकपी र सक्कल प्रमाणपत्र सहित खेलाडीहरुको नामावली पेश गर्नु पर्नेछ ।

७. खेलाडीहरु खेलमा सहभागी हुँदा फुटबल बुट, किट, सेम कलरको मोजा र जर्सि हुनुपर्नेछ ।

८. हरेक वडाको फुटबल टिमले प्राथमिक उपचार र पिउने पानीको व्यवस्था आफै गर्नुपर्नेछ ।

९. खेल तालिका अनुसार खेल हुनु भन्दा ६० मिनेट पहिले आयोजक कहाँ सहभागी खेलाडी सहित वडाको प्रशिक्षक र व्यवस्थापक उपस्थित भएको हुनु पर्नेछ ।

१०. कुनै पनि वडाको फुटबल टिममा फर्जी खेलाडी सहभागी भएको प्रोटेस्ट आएका आयोजकले छानविन गर्नेछ । सो छानविन बाट फर्जी खेलाडी उक्त वडाको फुटबल टिममा रहेको प्रमाणित भएमा सो वडाको टिमलाई यसवर्षको मेयर रनिङ कपबाट निष्कासन गरिनेछ ।

११. यदि कुनै पनि खेलाडीको बसाइसराई सम्बन्धमा विवाद आएमा घोराही उप-महानगरपालिका, दाङको कार्यालयमा रहेको पञ्जिकरण शाखामा पुगी आयोजकले छानवीन गर्नेछ । छानवीन गर्दा किर्ते बसाइसराई भेटिएमा सो वडाको टिमलाई १० नम्बर बूँदा अनुसार कारवाही गरिनेछ ।

१२. वडाहरुको खेलाडी दर्ता मिति समय भित्र वडाहरुले खेलाडीहरु दर्ता नगर खेलकुद विकास समितिको कार्यालय गर्नुपर्नेछ । दर्ता मिति सकिए पछि खेलाडीहरु थपघट गर्न पाइने छैन ।

१३. लिग खेलहरु ३५/३५ मिनेटको हुनेछ ।

१४ नक-आउट चरणका खेलहरु ४५/४५ मिनेटको हुनेछ ।

१५. नक-आउट चरणमा बराबरी खेल भएमा सिधा पेनाल्टी सुट आउटमा गरिनेछ ।

२०८१/०८/०८

संयोजक

घोराही उप-महानगरपालिका खेलकुद विकास समिति

# घोराही उप-महानगरपालिका

## अन्तर वडा स्तरीय ७औं मेयर कप फुटबल प्रतियोगिता २०८१

### खेलाडी दर्ता फाराम

हालसालै
खिचेको
पासपोर्ट
साइजको
फोटो

खेलाडीको नामः ..................................................

वडा नम्बरः ..................................................

जन्ममितिः ............................./........./........

बुवाको नामः ..................................................

बाजेको नामः ..................................................

परिचय खुल्ने कागजपत्रः ..................................................

राष्ट्रियताः ..................................................

सम्पर्क नम्बरः ..................................................

खेल्ने पोजिसनः ..................................................

खेलाडीको हस्ताक्षरः ........................

आयोजकः

घोराही उप-महानगरपालिका खेलकुद विकास समिति, दाङ